## Embassy of Nepal, Bangkok

### सिंगापुरमा राहदानी नवीकरणका लागि शिविर सञ्चालन हुने सम्बन्धी सूचना!!!

सिंगापुरमा बसोबास गर्दै आउनुभएका नेपालीहरूलाई लक्षित गर्दै नेपाली राजदूतावास, बैंककले देहायको स्थान, मिति र समयमा शिविरमार्फत राहदानी नवीकरण गर्ने कार्यक्रम तय भएको हुँदा आवश्यक सेवा लिन राजदूतावास सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ।

**शिविर आयोजना हुने स्थान, मिति र समयः**

- स्थानः Gurkha Contingent Camp, Singapore Police Force, Singapore,
- मितिः २५ अप्रिल २०२६, शनिबार देखि २७ अप्रिल २०२६ सोमबार सम्म,
- समयः शनिबार दिउसो १ बजेदेखि साँझ ५ बजेसम्म
  आइतबार र सोमबार बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म।

**विद्युतीय राहदानी (e-Passport) नवीकरणका लागि आवेदन दिने तरिकाः**

- **https://emrtds.nepalpassport.gov.np/** मा गई राहदानीका लागि अनलाइन आवेदन फाराम भर्नुपर्नेछ।
- फाराम भर्दा **Appointment Location** मा **NE, Bangkok** छानी Appointment मिति र समय छनौट गर्नु पर्नेछ।
- Appointment Date and Time छनौट गरी सम्पूर्ण विवरण भरिसकेपछि अन्त्यमा barcode सहितको PDF फाराम download गर्नु पर्नेछ। (डाउनलोड गरिएको फारामको दाँयापट्टि छेउमा र bottom मा बारकोड रहेको देख्न सकिनेछ।)
- आवेदकहरूले Download गरिएको उक्त बारकोडसहितको फारामको Scanned **PDF** copy, राहदानी र नागरिकताको फोटोकपी attach गरी २०२६ अप्रिल २० अगावै Verification का लागि दूतावासको इमेल ठेगानामा ***nepalpassportbkk@gmail.com*** मा इमेल पठाउनु पर्नेछ।
- डाउनलोड गरिएको फारामको प्रिन्ट प्रति तथा अन्य आवश्यक कागजातसहित माथि उल्लेखित मिति, स्थान र समयमा आवेदक स्वयम् उपस्थित हुनुपर्नेछ।

*(पुनश्चः शिविरमा राहदानी नवीकरण गर्दा राहदानीको म्याद ६ महिनाभन्दा कम रहेकाहरूलाई पहिलो प्राथमिकता दिइने छ।)*

**आवश्यक कागजातहरूः**

- सक्कल नागरिकता र राहदानी तथा सोको प्रतिलिपिहरू।
- नाबालकको हकमा नाबालक परिचयपत्र तथा बाबु र आमाको नागरिकता, राहदानी र विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि।
- राहदानी हराई नयाँ बनाउन आवेदन दिनेहरूले माथीका कागजातका अतिरिक्त Police Report समेत।
- **https://emrtds.nepalpassport.gov.np/** मा रीतपूर्वक भरिएको अनलाईन फारामको बारकोड सहितको प्रति।

**राजस्वः**

- १० वर्ष मुनिका नाबालकका लागि ४० अमेरिकी डलर,
- १० वर्ष माथीका सबैका लागि ८० अमेरिकी डलर,
- हराएको/च्यात्तिएको/जलेको राहदानीका लागि १२० अमेरिकी डलर

**थप जानकारीका लागि सम्पर्कः**

- नेपाली राजदूतावास, बैंककः
  Telephone: +662 3902280, 02 3917240 Email: nepalpassportbkk@gmail.com, WhatsApp: +66846606029

- **सिंगापुरमा सम्पर्कः**
  - Honorary Consul of Nepal in Singapore: Email: honoraryconsul@hccs.com.sg
  - Mr. Raju Sharma, Mobile No: +65 9017 3322
  - Singapore Police Force, Gurkha Contingent मा कार्यरत नेपालीहरूका लागिः Mr. Pravin Gurung, Mobile No: +65 9338 2953